प्रमाणिकरण गर्नेको:-

दस्तखत:

नाम: सन्तोष कुमार थापा

पद: अध्यक्ष

पाना संख्या:

मिति : २०७८/०३/१६

# माथागढी गाउँपालिकाको आ.व. ०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम

प्रस्तुतकर्ता :

सन्तोष कुमार थापा (अध्यक्ष)

गाउँसभामा पेश भएको मितिः २०७८/०३/०९ गते

गाउँसभाबाट पारित भएको मितिः २०७८/०३/०९

सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका
झडेवा, पाल्पा

उपस्थित् सभाका सदस्य ज्यूहरु

**अब म चालु आ.व. २०७७/०७८ को नीति, कार्यक्रम तथा बजेटको वार्षिक समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

## १. आर्थिक विकास क्षेत्र

### क. कृषिसेवा उपक्षेत्र

१. कृषि प्रसार कार्यक्रम अर्न्तगत ५०% अनुदानमा प्रथम चौमासिक र तेस्रो चौमासिकमा गरी रु. ४०००००।- (चार लाख रुपैया) बराबरको बजेटमा करिव ५०० घरधुरीलाई विभिन्न तरकारी विउविजन वितरण कार्यक्रम सम्पन्न गरियो ।

२. बाली विकास कार्यक्रम अर्न्तगत खाद्यान्नमा आत्मनिर्भर बनाउने उद्देश्यले ५०% अनुदानमा प्रथम चौमासिकमा गहुँको विउ करिव ८० घरधुरी, तेस्रो चौमासिकमा मकै वीउ करिव २०० घरधुरी र धानको विउ रु.७०००००।- लागतमा करिव ५०० घरधुरी लाभान्वित हुने गरी उन्नत तथा हाइव्रिड जातका वीउ वितरण गरियो ।

३. एक गाउँ एक उत्पादन कार्यक्रम अर्न्तगत उपयुक्त हावापानी तथा माटोको उर्वर शक्तिलाई मध्यनजर गर्दै रु.४५०००० को लागतमा करिव ४०० घरधुरी लाभान्वित हुनेगरी खुर्सानी पकेट कार्यक्रम माथागढी ४ झडेवामा सञ्चालन गरियो ।

४. एक गाउँ एक उत्पादन कार्यक्रम अर्न्तगत आलु पकेट कार्यक्रम माथागढी ७ रहवास करिव २५ घरधुरी लाभान्वित हुनेगरी सञ्चालन गरियो ।

५. एक गाउँ एक उत्पादन कार्यक्रम अर्न्तगत कुरिलो पकेट कार्यक्रम माथागढी १ चिदीपानीमा करिव ५० घरधुरी लाभान्वित हुनेगरी सञ्चालन गरियो ।

६. माथागढी गाउँपालिकाको बार्षिक स्वीकृत बेमौसमी धनियाँ खेती कार्यक्रम अन्तर्गत माथागढीं गाउँपालिका ५ धामिकाका करिव ६० घरधुरी लाभान्वित हुने गरी ७५% अनुदानमा धनियाँ वीउ तथा जैविक मल वितरण गरियो ।

७. माथागढी गाउँपालिकाको वार्षिक स्वीकृत व्यवसायिक फुल खेती कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका व्यवसायिक फुल खेती गर्ने ५ जना कृषकलाई प्रोत्साहन स्वरुप अनुदान रकम उपलब्ध गराईएको छ ।

८. प्रदेश सरकारबाट हस्तान्तरित कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामग्रीमा अनुदान कार्यक्रम अन्तर्गत रु. २००००००।- बजेटबाट १८४ जनालाई उत्पादन सामग्री खरिदमा अनुदान वापतको रकम सम्वन्धित कृषकको बैंक खातामा भुक्तानी दिइएको छ ।

९. प्रदेश सरकारबाट हस्तान्तरित साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान कार्यक्रम अन्तर्गत रु. १७५०००० रकम विनियोजन भएकोमा कृषहरुसंग माग संकलन गरी हातेट्याक्टर, कुटानीपिसानी मिल, पानी तान्ने मोटर, चापकटर लगायतका कृषि औजार ५० जना कृषकहरुलाई छनौट गरी वितरण गरिएको छ ।

१०. माथागढी गाउँपालिकाको कृषि यान्त्रिकरण ५०% अनुदान कार्यक्रम अन्तर्गत रु. ४५,०००००।-( पैतालिस लाख) विनियोजन भएकोमा सुचना प्रकाशित गरी कृषकबाट माग संकलनको आधारमा करिव २०० घरधुरी लाभान्वित हुने गरी हातेट्याक्टर, कुटानीपिसानी, पानी तान्ने मोटर, मकै छोडाउने, मकै रोप्ने मेशिन, चापकटर लगायतका कृषिजन्य यन्त्र तथा उपकरण वितरण गरियो ।

सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका
झडेवा, पाल्पा

११. बागवानी विकास कार्यक्रम अन्तरगत ७५% अनुदानमा विनियोजित रु. ३०००००।-(तिन लाख रुपैया मात्र) मध्येबाट करिव ४०० घरधुरी लाभान्वित हुने गरी कागती, सुन्तला, लिची, आँप, कटहर, अनार, अंगुर लगायतका विभिन्न वर्षे फलफुल विरुवा वितरण गरियो ।

१२. संघिय सरकारबाट हस्तान्तरित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अन्तर्गत प्राप्त रु. २४,०००००।-(चौविस लाख रुपैयाँ मात्र) मध्येबाट २ वटा साना व्यवसायिक कृषि उत्पादन पकेट विकास कार्यक्रम सञ्चालन गर्नुपर्नेमा माथागढी ४ दण्डेनीमा रु. १२,०००००।-(बाह्र लाख रुपैया मात्र) को प्लास्टिक घरमा खेती (तरकारी पकेट) कार्यक्रम करिव २५ घरधुरी लाभान्वित हुने गरी मालिकादेवी कृषक समुहमा र रु. १२,०००००।-(बाह्र लाख रुपैया मात्र) मध्ये बाट माथागढी १ चिदीपानीमा च्याउ पकेट कार्यक्रम श्री नमुना कृषक समुह मार्फत करिव २४ घरधुरी लाभान्वित हुने गरी कार्यक्रम सञ्चालन गरियो ।

१३. प्रदेश सरकारबाट हस्तान्तरित मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम अन्तर्गत व्यवसायिक कृषि खेती कार्यक्रम अन्तर्गत विनियोजन भएको रु. ८,०००००।-(आठ लाख रुपैया मात्र) मध्येबाट करिव ११० घरधुरी लाभान्वित हुने गरी प्लास्टिक टनेल,प्लास्टिक मल्चिङ, स्प्रे, प्लास्टिक पोखरी, थोपा सिचाई लगायतका सामग्री वितरण गरिएको ।

१४. प्रदेश सरकारबाट हस्तान्तरित एक स्थानिय तह एक उत्पादन कार्यक्रम अन्तर्गत विनियोजित २१,०००००।-(एक्काइस लाख रुपैया मात्र) मध्येबाट प्रस्ताव आह्वान गरी पेश हुन आएका कृषक समुहहरुको निवेदनको आधारमा तरकारीको लागि २ वटा कृषक समुह छनौट गरी कार्यक्रम सञ्चालन गरिएको ।

१५. माथागढी गाउँपालिकाको आ.व २०७७।०७८ को बार्षिक स्वीकृत जैविक मल तथा किटनाशक औषधी खरिद कार्यक्रम अन्तर्गत कृषकलाई जैविक मल तथा विषादी वितरण गरियो ।

## ख. पशुसेवा उपक्षेत्र

१. संघीय सरकार तथा सहकारीको लागत साझेदारीमा श्री माडी बहुउद्देश्यीय सहकारी संस्था लि. माथागढी गाउँपालिका वडा नं. २ रुप्सेमा ४२ घर परिवारको लागि बजेट रु १५०००००।- (अक्षरुपी पन्ध्र लाख रुपैया मात्र) मा बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गरियो जस अन्तर्गत उन्नत जातको बोका तथा बाखा औषधी उपचार, दाना व्यवस्थापन र विमा गर्ने कार्यहरु सम्पन्न गरियो ।

२. मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम अन्तर्गत बजेट रु. १२०००००।- (अक्षरुपी बाह्र लाख रुपैया मात्र) मा माथागढी ६ भुटुके र माथागढी ८ बहादुरपुरका ८० घर परिवारमा उन्नत जातको बाखा वितरण गरियो ।

३. प्राकृतिक नश्ल सुधार कार्यक्रम अन्तर्गत ७५% अनुदानमा ६ जना कृषकलाई बंगुरको वीर तथा ६ जना कृषकलाई क्रस बोयर बोका वितरण गरिएको ।

४. कोभिड प्रभावित भई विदेशबाट फर्केका कृषकहरुको लागि बाखा, बंगुर, कुखुरा, तरकारीको विऊ खरिद तथा खोर निर्माणको लागि प्रदेश सकारबाट हस्तान्तरित रु.२००००००।- (अक्षरुपी बीस लाख रुपैया मात्र) बाट ८४ घर परिवारलाई ५०% अनुदानमा कार्यक्रम संचालन गरियो ।

५. गाउँपालिकाको पूर्ण अनुदानमा कसेनी बंगुर पालन समूहमा (बंगुर पकेट) को लागि रु ५०००००।- (अक्षरुपी पाँच लाख रुपैया मात्र) मा २० घर परिवारको लागि औषधी उपचार, तालिम, खोर सुधार तथा पाठापाठी वितरण गरियो ।

सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका
झडेवा, पाल्पा

### ग. पर्यटन उपक्षेत्र

१. कौडेलेकलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्दै लगिएकोछ ।
२. माथागढीलाई ऐतिहासिक र पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न पूर्वाधार विकासको काम अगाडि बढाइएकोछ ।

## २. सामाजिक विकास क्षेत्र

### अ) शिक्षा उपक्षेत्र

१. कक्षा १,२,३,४, ६ र ७ को स्थानीय पाठ्यक्रम निर्माण गरी सफल कार्यान्वयन गरिनुका साथै १ र ६ कक्षाको पाठ्यपुस्तक निर्माण गरी लागु गरिएको छ । चालु आ.व.मा कक्षा ५ र ८ को पाठ्यक्रम तथा कक्षा २, ३, ४ र ७ को पाठ्यपुस्तक पनि निर्माण भएको छ ।
२. मातृभाषामा अध्ययन गर्ने विद्यार्थीहरुका लागि कक्षा १, २ र ३ को पाठ्यपुस्तक तयार गरिएकोछ ।
३. गाउँपालिकाको पञ्चवर्षीय गाउँ शिक्षा योजना निर्माण भई कार्यान्वयनमा ल्याइएकोछ ।
४. गाउँपालिकाले नै प्रश्नपत्र बनाइ स्तरीकृत पालिका स्तरीय कक्षा १ देखि १० सम्मको तेस्रो त्रैमासिक परीक्षा सञ्चालन गरिएको छ भने । विषमताका वावजुद कक्षा पाँच र कक्षा आठको प्रत्यक्ष मूल्याङ्कन र आन्तरिक मूल्याङ्कन मोडलमा परीक्षा वार्षिक मूल्याङ्कन सम्पन्न गरिएकोछ ।
५. गाउँपालिका भित्रका १० वटा विद्यालयहरुमा पुस्तकालय स्थापना भएकोछ ।
६. प्रधानाध्यापकहरुलाई वार्षिक कार्ययोजना निर्माण तथा समसामयिक शैक्षिक विषयक कार्यशाला सम्पन्न गरिएकोछ ।
७. सौभाग्य माध्यमिक विद्यालय, चिदीपानीमा इलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा प्राविधिक शिक्षाको कक्षाहरु संचालन भएको छ ।
८. दिव्यज्योति मा.वि.लाई नमूना विद्यालयको रुपमा भौतिक पूर्वाधार तथा शैक्षिक विकास गरिदैछ ।
९. बन्दाबन्दीको समयमा विद्यार्थीलाई पाठ्यक्रममा आधारित सिकाई प्रति जागरुक बनाउन अभिभावकको सहयोगमा विद्यार्थीले गर्ने गृहकार्य पुस्तिकाको प्रकाशन र सफल कार्यान्वयन गरिएको छ ।
१०. प्रत्येक विद्यालयका शिक्षकहरुलाई कार्यमूलक अनुसन्धानमा सहभागि गराई प्रकाशन समेत गरिएकोछ ।

### आ) स्वास्थ्य उपक्षेत्र

१. उपाध्यक्ष आमा सुरक्षा कार्यक्रम गर्भवतीलाई अण्डा र घरमा हरियो झण्डा कार्यक्रम मार्फत पहिलो पटक चौथो महिनामा जचाउने करिब २३१ जना गर्भवती लाई झण्डा र ४, ६, ८ र ९ महिनामा जचाउने ९८७ जना गर्भवती महिलालाई अण्डा बितरण भएको छ ।
२. घरघरमा स्वास्थ्यकर्मी कार्यक्रम अन्तर्गत जेष्ठ नागरिक (६० बर्ष माथि), अशक्त, असाय करिब १९५८ जनालाई घरमा गई स्वास्थ्य सेवा प्रदान गरिएको छ ।
३. बि.पी. बिपन्न स्वास्थ्य बिमा कार्यक्रममा २८ लाखको लागतमा ८०० घरपरिवारलाई स्वास्थ्य बिमा गरिएको छ ।
४. समुदाय स्तरीय स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन मोबाईल स्वास्थ्य कार्यक्रम मार्फत प्रतेक महिला स्वास्थ्य स्वयं सेविकाहरु लाई प्रति महिना रु.२००।- को दरले मोवाईल रिचार्ज उपलब्ध गराइएको छ ।

सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका
झडेवा, पाल्पा

सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका
झडेवा, पाल्पा

५. संस्थागत सुत्केरी प्रोत्साहन कार्यक्रम मार्फत स्वास्थ्य संस्थामा सुत्केरी भएका ३०७ सुत्केरी महिलाहरु लाई रु.२५००। का दरले संस्थागत सुत्केरी प्रोत्साहन प्रदान गरिएको छ ।

६. स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा प्रभावकारी बनाउन झडेवा स्वास्थ्य चौकी, हात्तिलुङ्ग सामुदायिक स्वास्थ्य इकाई र बहादुरपुर स्वास्थ्य चौकीमा रु. ५०००००। को लागतमा सोलार ब्याट्री ब्याकअप जडान गरिएको छ ।

७. कोभिड-१९ महामारी रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि माथागढी ४ झडेवा देवगिरमा कोभिड-१९ अस्थायी अस्पताल स्थापना, कर्मचारी व्यवस्थापन र औषधी, औजार र उपकरणको व्यवस्था गरिएको छ ।

८. बिरामीहरुलाई अस्पताल सम्मको सहज पहुँचका लागि गाउँपालिकाबाट १ र पाल्पा सिमेन्ट प्रा.ली. बाट १ गरि २ वटा एम्बुलेन्स संचालनमा ल्याईएको छ ।

९. ९) अत्यावश्यक औषधी आपुर्तिको लागि गाउँपालिकाको रु.१०००००।- र संघीय ससर्त अनुदानको रु.११३००००। रकमको औषधी खरिद गरि स्वास्थ्य संस्थाहरुलाई आपुर्ति गरिएको छ ।

१०. महिला स्वास्थ्य स्वयं सेबिकाहरुलाई मासिक रु.१०००।- का दरले प्रोत्साहन तथा यातायात खर्च प्रदान गरिएको छ ।

११. कर्मचारीहरुको क्षमता बिकासको लागि कम्प्युटर तालिम, ल्याब रिफ्रेसर तालिम लगायतका तालिम सम्पन्न भएको छ ।

१२. नवजात शिशु तथा बालबालिकाको गुणस्तरीय स्वास्थ्य सेवाको लागि चिदिपानी,रुप्से,कसेनी,झडेवा,रहवास र बहादुरपुर स्वास्थ्य चौकीमा IMNCI अनसाईट कोचिङ्ग सम्पन्न भएको छ ।

१३. सुत्केरी महिला तथा नवजात शिशुको स्वास्थ्य प्रवर्धनका लागि PNC होम भिजिट कार्यक्रम संचालन गरिएको छ ।

१४. १४) खोप केन्द्र व्यवस्थित गर्न हात्तिलुङ्ग, गोठादी, रहवास र बहादुरपुरका एक/एक खोप केन्द्रमा फर्निचर व्यवस्थापन गरिएको छ ।

१५. प्रदेश सरकार हस्तान्तरित कार्यक्रम अन्तर्गत रु.१००००००।- रकममा शिलबन्दी कोटेशन मार्फत झडेवा स्वास्थ्य चौकीमा उपकरण खरिद तथा व्यवस्थापन गरिएको ।

### इ) खानेपानी तथा सरसफाई उपक्षेत्र

१. ५४ वटा खानेपानी योजनाहरु संचालन भइरहेकोमा ६ वटा सम्पन्न भएको र ३० वटा सम्पन्न हुने चरणमा रहेका छन् ।

२. बुढीकोट लिफ्टीङ्ग खानेपानी योजना सम्पन्न हुने अवस्थामा छ ।

३. भुटुके लिफ्टिङ खानेपानी, रहवास लिफ्टिङ खानेपानी, पुरनपानी लिफ्टिङ खानेपानी लगायतका लिफ्टिङ खानेपानी सम्पन्न हुने क्रममा रहेको ।

### ई) संस्कृति, लैङ्गिक समानता तथा समावेशीकरण उपक्षेत्र

१. गाउँपालिका क्षेत्रमा विभिन्न साँस्कृति सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गरिएको ।

सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका
झडेवा, पाल्पा

२. गाउँपालिका स्तरीय मगर दिवस कार्यक्रम सम्पन्न गरिएकोछ ।

### उ. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उपक्षेत्र

१. संघीय सरकारबाट ससर्त रुपमा अनुदान आएको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन राष्ट्रिय बाणिज्य बैंक अन्तरगतको मेगा बैंकमा खाता सञ्चालन गरिएको छ । उक्त रकम हिंसामा परेका व्यक्तिहरुलाई प्रदान गरिने छ भने यस आ.व. मा यस सम्बन्धि निवेदन प्राप्त नभएकोले खर्च हुन सकेन ।

२. संघीय सरकारद्वारा नै हस्तान्तरित समाजमा रहेका हिंसा, कुरीति, लैङ्गिक हिंसा सम्बन्धी अभियान जस्ता कार्यक्रमबाट लैङ्गिक हिंसा सम्बन्धी १६ दिने अभियान कार्यक्रममा सञ्चालन झडेवा र चिदीपानीमा सम्पन्न गरियो ।

३. प्रदेश सरकार मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रबाट महिलाहहरुको लागि विनियोजित गरेको रकमबाट ३५ जना एकल तथा विपन्न महिलाहरु लाभान्वित हुने गरि सिलाई मेसिन वितरण गरिएको छ ।

४. प्रदेश सरकार मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रबाट नै अपाङ्गहरुको लागि विनियोजित गरेको रकमबाट रातो, निलो तथा पहेलो अपाङ्गता कार्ड भएका अपाङ्गहरुलाइ अपाङ्गताको आधारमा इलेक्ट्रिक एयर मेट्रस (वेड), सेतो छडी, एल्वो लठ्ठी र कमोड कुर्सी १०१ जना अपाङ्गहरुलाई वितरण गरिएको छ ।

५. स्थानीय तहबाट विनियोजित गरिएको कार्यक्रम अनुसार मागमा आधारित अपाङ्ग लक्षित कार्यक्रम अन्तरगत सो कार्यक्रमवाट ६८ जना अपाङ्गहरुलाई सिरक वितरण गरिएको छ।

६. जेष्ठ नागरिक परिचय पत्र २५ जना ६० वर्ष माथिका वृद्धवृद्धाहरुलाई वितरण गरिएको छ ।

७. यस आर्थिक वर्षमा ३० जना अपाङ्गहरुलाई अपाङ्गता परिचयपत्र कार्ड वितरण गरिएको छ ।

## ३. पूर्वाधार विकास क्षेत्र

### अ) सडक तथा पुल उपक्षेत्र

१. पूर्वाधार विकास तर्फ साना तथा ठूला गरी करिब २५० वटा योजनाहरु सम्पन्न भएका छन् ।

२. झडेवा रिङ्गरोड कालो पत्रे (समपूरक) अन्तर्गत ५० लाख विनियोजन भएकोमा नाली तथा पुल निर्माण कार्य सम्पन्न भई कालोपत्रे गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।

३. वाँसटारी झडेवा रहवास दुम्कीवास दुई प्रदेश जोड्ने सडक कालोपत्रे (समपूरक) अन्तर्गत ४ करोड विनियोजन भई सोही कार्य अन्तिम चरणमा पुगेको छ ।

४. झडेवा स्वास्थ्य चौकीलाई १५ शैयाको अस्पताल वनाउन रु १८ करोड विनियोजित रकमबाट योजना सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ ।

५. झडेवा रहवास दुम्किवास दुई प्रदेश जोड्ने सडक अर्न्तगत रु ५० लाख बजेट विनियोजन भएकोमा बाटोको स्तरोन्नति, बाटो खन्ने तथा विभिन्न ठाउँमा ग्याविन लगाउने कार्य सम्पन्न भएको छ ।

६. झडेवा केरौली हुँदै गाउँपालिका केन्द्र जोड्ने सडक अन्तर्गत ५० लाख बजेटमा विभिन्न ठाउँमा ह्युम पाइप, Masonary Wall तथा ग्याविनको काम सम्पन्न भएको छ ।

Sthapa
2/9/६
सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका

७. झडेवा जगात महलपोखरी सुनवल महेशपुर भन्सार जोड्ने सडक अन्तर्गत रु ५० लाख विनियोजित रकमबाट व्याक कटिङ्ग, स्टोन म्यासोनरी, रिटेङ्ग वाल निर्माण कार्य सम्पन्न भएको छ ।
८. झडेवा रहवास सडक स्तरोन्नति अन्तर्गत माथागढी ७ रहवासमा रु ३८ लाख लाख २५ हजार विनियोजित रकममा वाटो खन्ने र ग्राभेल विछ्याउने काम सम्पन्न गरियो ।
९. माथागढी ८ बहादुरपुरमा ३० लाख वरावरको वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न गरियो ।
१०. माथागढी ८ बहादुरपुरमा वहादुरपुर स्वास्थ्य चौकी निर्माण अर्न्तगत ६० लाख विनियोजन भएकोमा स्वास्थ्य चौकी निर्माण कार्य सम्पन्न गरियो ।
११. माथागढी ३ मा लखन थापा पार्क निर्माण अर्न्तगतग गा.पा.बाट रु ५ लाख विनियोजित रकमबाट पार्क व्यवस्थित गर्ने काम सम्पन्न भएको छ ।
१२. माथागढी ५ हात्तिलुङ्गमा झडेवा-जगात-वसेनी दमार झुम्सा दुई स्थानीय तह जोड्ने सडक अन्तर्गत ५० लाख विनियोजित रकमबाट बाटो निर्माण, ह्युम पाईप तथा ग्याविनको काम सम्पन्न भएको छ ।
१३. माथागढी ५, मा माथागढी संरक्षण तथा पर्यटकिय स्थल निर्माण अर्न्तगत रु १० लखा विनियोजित रकमबाट भुई ढलाई, रेलिङ्ग तथा सोलिङ्ग गर्ने कार्य सम्पन्न गरियो ।

**आ) भवन तथा शहरी विकास उपक्षेत्र**

१. २ वटा वास सुविधा सहितको शौचालय निर्माण भएको छ ।
२. ३ वटा खेल मैदान, २ वटा मन्दिर र ५.२५ कि.मि. सिचाईंका लागि कुलो निर्माण भएकोछ ।
३. शुशिल कोइराला मिनि सभाहल निर्माण सम्पन्न भएकोछ ।
४. १२ वटा नयाँ भवन निर्माण कार्य सम्पन्न गरिएको छ, भने १६ वटा भवन मर्मत कार्य सम्पन्न भएको छ ।
५. माथागढी २, रुप्सेमा १३ लाख बराबरको सोराहे हुँदै सञ्जरखोला नाली निर्माण सम्पन्न भएको छ ।

**इ) सिंचाइ तथा खेलमैदान उपक्षेत्र**

१. ८०० मिटर कुलो निर्माण तथा २.२२ किलोमिटर पाइप मार्फत सिँचाई सुविधा उपलब्ध गराइएको छ ।
२. ५ वटा खेल मैदान निर्माण तथा स्तरोन्नती कार्य सम्पन्न गरिएको छ ।

**ई) खानेपानी**

१. माथागढी १, चिदीपानीमा खल्दुगैरा खुमडाँडा भुटुके लिफ्टिङ्ग अन्तर्गत रु १० लखा विनियोजन भएकोमा ट्रान्सर्फमर, पाइप फिटिङ्ग, तार तान्ने, पाइपलाईन खन्ने तथा मिटर जडान कार्य सम्पन्न गरियो ।
२. सलिङ्गी खानेपानी आयोजना, माथागढी ३, अन्तर्गत प्रदेश सरकारबाट रु १० लाख विनियोजन भएकोमा धारा निर्माण, पिल्लर निर्माण, टंकी निर्माण, फिटङ्गस खरिद तथा तार खरिद तथा पाइप लाइन खन्ने काम सम्पन्न भएको छ ।
३. माथागढी १ मा बुढीकोट लिफ्टिङ्ग खानेपानी योजना अन्तर्गत प्रदेश सरकारबाट ६० लाख विनियोजित रकमबाट टंकी निर्माण, पम्प हाउस निर्माण, विद्युत पोल, ट्रान्सफर्मर तार खरिद विद्युत फिटङ्ग लगायतका कार्य सम्पन्न गरिएको छ ।
४. कसेनी खानेपानी मुहान संरक्षण अन्तर्गत गाउँपालिकाबाट रु २१ लाख विनियोजन भई उक्त कार्य सम्पन्न भएको छ ।

Sthapa
2/9/६
सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका
झडेवा, पाल्पा

५. माथागढी ७, रहवासमा बहादुर खानेपानी अन्तर्गत प्रदेश सरकारबाट रु १० लाख विनियोजित रकमबाट धारा निर्माण, मूल संरक्षण, पाइप फिटिङ, खरिद तथा पाईप लाईन खन्ने काम सम्पन्न भएको छ ।

## ४. वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

१. विपद्मा परेका व्यक्तिहरुलाई पुर्नस्थापित गराउन आर्थिक सहायता उपलब्ध गराउनुका साथै सहयोग सामग्री वितरण गरिएको छ ।

२. पूर्वाधार विकासका कार्यहरु गर्दा वातावरणीय प्रभावलाई ध्यानमा राख्दै अगाडि बढाइएको ।

३. विपद् व्यवस्थापन कोष तथा विपद् व्यवस्थापन सम्वन्धी ऐन निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।

४. पैरो व्यवस्थापन गर्न तारजाली वितरण गरिएकोछ ।

५. विपद्मा परेका जनतालाई राहत उपलब्ध गराईएकोछ ।

## ५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र

१. गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई पारदर्शी र उत्तरदायी बनाउन विद्युतीय सुशासन प्रणाली अवलम्बन गरिएको छ ।

२. उपभोक्ता हित संरक्षण गर्न समयानुकुल बजार अनुगमन कार्यलाई निरन्तरता दिइएको छ ।

३. नागरिकको सूचना प्राप्त गर्ने हकको सुनिश्चितता गर्न गाउँपालिकाका प्रत्येक क्रियाकलापहरुलाई वेबसाइट तथा समाजिक सञ्जाल मार्फत सार्वजनिकीकरण गरिएको छ ।

४. अपाङ्गता भएका ब्यक्ति एवं ज्येष्ठ नागरिकको अधिकार सुनिश्चित गर्नका लागि ३४० वटा ज्येष्ठ नागरिक परिचयपत्र एवं ६८ वटा अपाङ्ग परिचयपत्र वितरण गरिएको छ ।

५. खरको छानो विस्थापन कार्यक्रम अन्तर्गत ९० घरधुरीलाई रु २५००० का, जस्तापाता खरिद कार्यमा सहयोग गरी नगद रकम उपलब्ध गराई गराइएको छ ।

६. गाउँपालिका सदस्य स्व. निल कुमारी ठाडाको सन्ततिको समुचित शिक्षा दिक्षाको प्रबन्धका लागि रु ३,०००००/- सहयोग रकम उपलब्ध गराइएको छ ।

७. हस्तलिखित व्यक्तिगत घटना दर्ता अभिलेख किताबमा रहेका ३४९७८ घटना दर्ता डिजिटाइजेशन गरिएको छ ।

८. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्पूर्ण लाभग्राहीहरुको विवरण एमआइएस प्रणालीमा प्रविष्टी गरिएको छ ।

९. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने २७०३ जना लाभग्राहीहरुको बैंक मार्फत भत्ता वितरण गरिएको ।

१०. वडा नं. ८मा अनलाइन व्यक्तिगत घटना दर्ता प्रणाली सुरुवात गरिएको ।

११. रोजगार सेवा केन्द्रबाट युवा रोजगारीको लागि विभिन्न वडामा गरिएका काममा ६३ जना श्रमिक र कामका लागि पारिश्रमिकमा ४० जना गरी १०३ जनाले रोजगार प्राप्त गरेकाछन् ।

## श्रीमान् गाउँसभाका सभामुख ज्यू

अब म आगामी आ.व. २०७८/०८९ को नीति, कार्यक्रम तथा बजेटको सोंच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धी प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका
झडेवा, पाल्पा

## सोंच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धी

**सोंच** : कोभिड १९को महामारीको यो विषम परिस्थितीमा आम नागरिकको स्वास्थ्यलाई प्राथमिकतामा राख्दै गाउँपालिकाको आर्थिक, भौतिक, सामाजिक, शैक्षिक एवं साँस्कृतिक क्षेत्रहरुको समन्वयात्मक विकास गर्दै स्थानीय स्रोत साधनको उच्चतम सदुपयोग गरी आम नागरिकको जीवनस्तर उकास्ने ।

**लक्ष्य** : आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रमका लक्ष्यहरु निम्नानुसार रहेको व्यहोरा प्रस्तुत गर्न चाहन्छु ।

क) विश्वव्यापी रुपमा असर पारेको कोभिड १९ को संक्रमणलाई स्थिर बनाउन, रोकथाम गर्न तथा नियन्त्रणमा सफलता हासिल गर्ने लक्ष्यका साथ क्वारेन्टीन निर्माण, व्यवस्थापन गर्दै परीक्षण, आइसोलेसन र उपचारका लागि आवश्यक प्रबन्ध मिलाउने । हाम्रा नागरिकको रोग प्रतिरोधी क्षमता विकासमा जोड दिने । यसका संगसंगै संक्रमित नागरिकहरुको उपचारको प्रवन्ध गर्ने, कोभिड १९ अस्पताल संचालनलाई निरन्तरता दिने र सम्पूर्ण नागरिकहरुलाई रोगबाट प्रतिरोध गर्ने खोपको व्यवस्था गर्ने ।

ख) माथागढी गाउँपालिका भित्रका नागरिकहरुलाई संविधान प्रदत्त मौलिक अधिकारहरु आधारभूत स्वास्थ्य, शिक्षा, खानेपानी, सूचनाको हक, सामाजिक सुरक्षा लगायतका मौलिक हकहरुमा पहुँच अभिवृद्धि गर्दै सुनिश्चितता तर्फ अग्रसर हुने ।

ग) स्थानीय पूर्वाधारको विकास गर्दै व्यवसायिक कृषि, पशुपालन र अन्य वैकल्पिक प्रयोगबाट स्वरोजगारी सिर्जना गर्ने । उच्चतम् भू-उपयोग गर्ने ।

घ) गाउँपालिका भित्रका स्थानीय कला, संस्कृति, परम्परा, धार्मिक, साँस्कृतिक, पर्यटकीय क्षेत्रहरुको पहिचान, संरक्षण, सर्म्वद्धन र प्रवर्द्धन गर्ने ।

ङ) स्थानीय सेवा प्रवाहको दक्षता र प्रभावकारीता बढाउने ।

च) सुशासनलाई सुनिश्चित गर्दै सेवा प्रवाहलाई जवाफदेही, सहभागितामुलक, छिटो छरितो, सरल र सहज बनाउने ।

छ) समाज परिवर्तन र विकासको साँचो शिक्षालाई मान्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने ।

**उद्देश्य** : वातावरणीय प्रभावलाई ध्यानमा राख्दै आर्थिक र सामाजिक क्रियाकलापहरुलाई सहभागितामूलक बनाई विदेशबाट फर्किएका र स्थानीय युवाहरुको रोजगार र स्वरोजगारको माध्यमबाट गरिबी न्यूनिकरण गर्दै माथागढीलाई सामाजिक परिवर्तन सहितको आर्थिक सवलीकरणको दिशा तर्फ उन्मुख गराउने ।

**अपेक्षित उपलब्धी** : आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रमको अपेक्षित उपलब्धीहरु निम्नानुसार रहेका छन् ।

क) स्वास्थ्य चौकीमा प्रयोगशाला, बर्थिङ्ग सेन्टर र निशुल्क स्वास्थ्य परिक्षण तथा औषधी वितरणको व्यवस्था गरी आधारभूत सेवामा नागरिकको सहज पहुँच बढ्नेछ ।

ख) एक गाउँ एक उत्पादन र व्यावसायिक कृषि प्रणालीको शुरुवात भई कृषिमा व्यावसायिकता र आधुनिकीकरणको शुरुवात हुनेछ ।

ग) विभिन्न खानेपानी योजनाहरु समयमा नै सम्पन्न भई एक घर एक धाराको अभियान सफल भई स्वच्छ पिउने पानीको उपभोग गर्ने जनसंख्यामा बृद्धि हुनेछ ।

घ) सबैका लागि शिक्षाको नारा सार्थक हुँदै आवश्यकता र सहजताका आधारमा शिक्षाको तहगत पहुँच सुनिश्चित भएको हुनेछ ।

ङ) माथागढी गाउँपालिकामा बालमैत्री स्थानीय शासनको सुनिश्चितताको लागि विभिन्न सूचकहरुमा उपलब्धी हासिल गरिएको हुनेछ ।

च) बालमैत्री विद्यालय स्थापना भई विद्यालयमा विद्यार्थी टिक्ने दरमा बृद्धि हुनेछ ।

छ) कोभिड १९ को विश्वव्यापी महामारीको माथागढी गाउँपालिकामा असर न्युन पर्नेछ र प्रतिकुलताका वावजुद नागरिकको स्वास्थ्य तुलनात्मक रुपमा राम्रो रहनेछ ।

ज) अति विपन्न, अपाङ्ग तथा दीर्घ रोगीलाई गम्भिर रोगको निशुल्क उपाचरमा पहुँच पुग्नेछ ।

**आदरणिय सभामुख, प्रमुख अतिथि तथा सदस्य ज्यू,**अब म आगामी आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका आधारहरुका बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु ।

➢ **गाउँपालिकाको आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम तयार गर्दा देहायका आधारहरु लिइएको छ ।**

क) नेपालको संविधानको अनुसुची ८ र ९ मा लेखिए बमोजिमका अधिकार सूची र मौलिक हकहरु ।

ख) विद्यमान ऐन तथा नियमहरु : स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४

ग) नेपाल सरकार र लुम्बिनी. प्रदेश सरकारका नीति, दिर्घकालीन सोंच र आवधिक योजना ।

घ) दिगो विकासका लक्ष्यहरु ।

ङ) नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारका मार्गदर्शनहरु ।

च) माथागढी गाउँपालिकाका आवश्यकता, प्रमुख समस्या र समाधानका उपायहरु ।

छ) गाउँपालिकाले तयार गरेको वस्तुगत विवरण र विभिन्न आवधिक योजनाहरु ।

➢ **गाउँपालिकाले आगामी आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम निर्माण गर्दा देहायका आधारमा योजनालाई प्राथमिकीकरण गर्ने गरि यो नीति तथा कार्यक्रम बनाइएको छ ।**

क) विश्वव्यापी महामारी कोभिड १९ बाट पालिकाका नागरिकलाई सुरक्षित राख्ने कार्यक्रमहरु रोकथाम, नियन्त्रण, व्यवस्थापन र उपचार ।

ख) गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने रोजगारी र आयआर्जनका कार्यक्रमहरु ।

ग) नागरिकलाई प्रत्यक्ष रुपमा लाभ हुने, आम्दानी बढ्ने र रोजगार बृद्धिहुने कार्यक्रमहरु ।

घ) उत्पादनमुलक तथा छिटो प्रतिफल दिने कार्यक्रमहरु ।

ङ) स्थानीय साधन र स्रोतको उच्चतम प्रयोग गर्ने कार्यक्रमहरु ।

च) स्थानीय लागत सहभागिता जुट्ने कार्यक्रमहरु ।

छ) समावेशी विकास र लैङ्गिक समानतामा योगदान पुऱ्याउने कार्यक्रमहरु ।

ज) दिगो विकास र वातावरण संरक्षण गर्ने कार्यक्रमहरु ।

झ) स्थानीय कला संस्कृति र परम्पराको संरक्षण गर्ने कार्यक्रमहरु ।

ञ) भौगोलिक विकटता कम गरी स्थानीय आवश्यकता पूरा गर्ने कार्यक्रमहरु ।

ट) राजश्वको सिर्जना, परिचालन तथा दायरा वृद्धि हुने कार्यक्रमहरु ।

**अव म गाउँपालिकाको आ.व. २०७८/०७९ को क्षेत्रगत नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।**

## आ. व. २०७८/७९ का क्षेत्रगत नीति तथा कार्यक्रमहरु:

### क) कोभिड-१९ रोकथाम तथा महामारी नियन्त्रण तथा उपचार :-

१. कोभिड-१९ को महामारी रोकथाम र नियन्त्रणका लागि आवश्यक सचेतनामुलक कार्यक्रम सञ्चालन एवं स्वास्थ्य सामग्रीहरुको सहज र सरल आपूर्तिको व्यवस्था मिलाईनेछ ।

२. गाउँपालिकाका नागरिकहरुका लागि कोभिड १९बाट सुरक्षित गर्नका लागि एक मात्र उपाय खोपका लागि पहल गरिनेछ ।

३. कोभिड-१९ को संक्रमण फैलिएका क्षेत्रबाट आएका व्यक्तिहरुलाई (Self Isolation, Home Quarentine) वा गाउँपालिकाले व्यवस्था गरेको क्वारेन्टिनमा बस्ने प्रबन्ध मिलाई निश्चित समयावधी पछि परिक्षण गर्ने व्यवस्था गरिनेछ । परिक्षणको दर र मात्रा फराकिलो बनाइनेछ ।

४. गाउँपालिका भित्र कोरोना संक्रमणका कारण कुनै पनि नागरिकको दुर्भाग्यबस मृत्यु हुन गएमा काज किरिया र सहयोग वापत एकमुष्ट रु ३५,०००।- उपलब्ध गराइने छ ।

५. कोरोना संक्रमण पुष्टि भएका व्यक्तिहरुलाई समाजमा पुनर्स्थापित गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

### १) आर्थिक विकास क्षेत्र

#### क) कृषि उपक्षेत्र

१. कृषि तथा पशुपालनलाई आधुनिकिकरण, व्यावसायिकरण र बजार व्यवस्थापन गर्न माथागढी कृषि तथा पशु उद्यमशिलता कार्यक्रम साझेदारीमा सञ्चालन गरिनेछ ।

२. कृषि प्रसार कार्यक्रम अन्तर्गत कृषकहरुलाई तरकारीमा आत्मनिर्भर साथै आधुनिक कृषि प्रविधिहरुको प्रचार प्रसार गर्ने उद्देश्यले विभिन्न उन्नत तथा हाइब्रिड जातका तरकारी विउविजन वितरणमा निरन्तरता दिइनेछ ।

३. खाद्यान्न उत्पादन र उत्पादकत्व वृद्धि साथै खाद्यान्नमा आत्मनिर्भर बनाउने उद्देश्यले धान, गहुँ र मकैबालीको वीउमा अनुदान दिइनेछ ।

४. एक गाउँ एक उत्पादन कार्यक्रमलाई निरन्तरता दिदै मौरीपालन, मसलाबाली समेतमा जोड दिइनेछ ।

५. उत्पादन र उत्पादकत्व वृद्धि श्रमशक्तिको उचित मूल्याङ्कन, कृषि प्रविधिको बढ्दो प्रयोगलाई मध्यनजर गर्दै कृषक, कृषक समूह, कृषि सहकारीलाई ५०% यान्त्रिकरण अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६. गाउँपालिका भित्र उत्पादित कृषिजन्य उपजलाई खेर जान नदिइ उचित मूल्यमा बजार व्यवस्थापनको लागि अनुदान कार्यक्रम संचालन गरिनेछ ।

७. वागवानी विकास कार्यक्रमलाई लक्षित गर्दै उत्पादन योग्य बाझाँ जग्गामा व्यावसायिक फूल तथा फलफूल खेतीको लागि विशेष जोड दिइ फलफूल विरुवामा अनुदान दिइनेछ ।

८. आधुनिक कृषि प्रविधि अन्तर्गत थोपा सिंचाई, प्लास्टिक मल्चिङ्ग जस्ता प्रविधिहरुको विस्तार र विकासको लागि अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

९. अगुवा कृषकहरुको दक्षता अभिवृद्धि गर्नका लागि कृषक पाठशाला र कृषक भ्रमण जस्ता कार्यक्रममा विशेष जोड दिइनेछ ।

१०. विभिन्न बालीहरुमा लाग्ने रोग, किराको पहिचान र त्यसको उपाचारका निम्ति बर्षमा कम्तिमा २ पटक बाली उपचार कार्यक्रम सञ्चालन गरिनेछ ।

११. कृषकलाई उत्पादन प्रोत्साहन अनुदान सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. गाउँपालिका भित्रका कृषकहरुको कार्यदक्षता, कार्य अनुभव, प्रविधि आदानप्रदान गर्ने उद्देश्यले गोष्ठी सञ्चालन गरिनेछ ।

१३. अर्गानिक खेती प्रवर्द्धनका लागि अर्गानिक गाउँ विकास कार्यक्रममा जोड दिइ कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. रैथाने बाली प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५. बेमौसमी कृषि खेती र घुम्ती बालीलाई विशेष प्राथमिकताका साथ विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. रैथाने बाली तथा पशुपंक्षीहरुको उत्पादनमा जोड दिंदै जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्न प्रदेश सरकारको सहयोग र समन्वयमा "सामुदायिक बीउ बैंक तथा नश्ल संरक्षण केन्द्र" स्थापना गर्न पहल गरिनेछ ।

१७. गाउँपालिकामा रहेको खेतीयोग्य जमीनलाई विभिन्न ब्लकमा वर्गीकरण गरी माटो परीक्षण समेत गराई व्यवसायिक खेती प्रवर्द्धन गर्न जोड दिइनेछ ।

१८. गाउँपालिकाबाट प्रदान गर्ने कृषि सम्बन्धी अनुदानलाई व्यवस्थित र व्यावसायिक बनाउन कृषकहरुलाई उत्पादनका आधारमा वर्गीकरण गरिनेछ र सोही अनुरुप उत्पादन प्रोत्साहन अनुदान प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

१९. कृषकहरुलाई व्यावसायिक खेती तर्फ आकर्षित गर्न मल, बीउ एवं औषधी उपलब्ध गराइनेछ ।

२०. कृषि प्रसार कार्यक्रम अर्न्तगत कृषकहरुलाई तरकारीमा आत्मनिर्भर बनाउनुका साथै आधुनिक कृषि प्रविधिहरुको प्रचार प्रसार गर्ने उद्देश्यले वितरण गरिंदै आएको विभिन्न उन्नत तथा हाईब्रिड जातका तरकारी विउविजन वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

२१. खाद्यान्न उत्पादन र उत्पादकत्व वृद्धि साथै खाद्यान्नमा आत्मनिर्भर बनाउने उद्देश्यले धान, गहुँ र मकैबालीको वीउमा अनुदान दिइनेछ ।

२२. किसानहरुलाई पहिचान स्थापित गर्न किसान सूचिकरण कार्यक्रम संचालन गरिनेछ ।

२३. आधुनिक युगसंगै आधुनिक कृषि प्रविधिको विकास गर्न विभिन्न कृषि प्रविधिमा अनुदान कार्यक्रमहरु सञ्चालन हुने व्यवस्था गरिनेछ ।

२४. आर्थिक वर्ष ०७४/७५ भन्दा अगाडिदेखि बाँझो रहेका उत्पादनयोग्य जग्गामा खेती गर्नका लागि कार्यविधि अनुसार प्रति रोपनी रु ३००० का दरले अनुदान उपलब्ध गराईनेछ । फलफूल खेतिको लागि विशेष जोड दिइ फलफूल विरुवामा अनुदान समेत दिईनेछ ।

२५. व्यवसायिक फूलखेतिमा अनुदानका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२६. कृषि प्राविधिक, अगुवा कृषकहरुको दक्षता अभिवृद्धि गरी परिणाममुखी तथा उत्तरदायी बनाइनेछ ।

२७. व्यवसायिक कृषि प्रविधिहरुको विकास र विस्तारका लागि विभिन्न तालिम तथा अभिमुखिकरण लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका
झडेवा, पाल्पा

२८. गाउँपालिका भित्र रहेका कृषक समुह, कृषि सहकारी, फर्महरुलाई व्यवस्थित तथा सक्रिय बनाई विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

२९. कृषकहरुलाई कृषि पेशा प्रति रुचि जगाई गुणस्तरीय कृषिजन्य बाली वस्तुहरुको उत्पादनमा जोड दिनका लागि गाउँपालिकाभित्रका कृषकहरुबिच कृषि प्रर्दशनी सञ्चालन गरी उत्कृष्ट कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

३०. गाउँपालिका भित्रका कृषकहरुको कार्य दक्षता, कार्य अनुभव, प्रविधि आदान प्रदान गर्ने उद्देश्यले गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३१. माथागढी गाउँपालिका भित्र कम्तिमा एउटा पोर्टेबल शितभण्डार निर्माण गरिनेछ ।

३२. विभिन्न कृषिसंग सम्बन्धित् पकेट कार्यक्रमहरुलाई थप तथा चलिरहेका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३३. स्थानीय कृषिजन्य वस्तुको प्रशोधन गर्ने उद्योग स्थापनाको लागि पहल गरिनेछ ।

३४. चुनढुङ्गा खानी, ढुङ्गा खानी, कोइला खानी लगायतलाई नियमन गर्दै व्यवस्थित गरिनेछ ।

## ख) पशु सेवा उपक्षेत्र :

१. कोभिड-१९ ले जनजीवन कष्टकर बनाइ रहँदा प्रतिरक्षा प्रणालीको विकासका लागि उत्पादन हुदै आएको दूध तथा मासुमा थप गुणस्तर ल्याउन फार्म सुधार र औषधीमा अनुदान दिई स्वस्थ एवम् गुणस्तरीय दूध तथा मासु उत्पादन गर्दै गुणस्तरीय दूध तथा मासु सेवन गरिनेछ ।

२. पशुपंक्षीमा हुने महामारी रोगलाई रोकथाम गर्न भ्याक्सिनेशन कार्यलाई विशेष प्राथमिकता दिदै महामारी बाट कृषकमा पर्ने हानी नोक्सानीलाई निर्मुल पारिनेछ ।

३. पशुपंक्षी पालक कृषकहरुलाई उपचारको लागि औसधि सहज रुपमा उपलब्ध गराई स्वास्थ मासु उत्पादन बृद्धि गर्दै लगिनेछ ।

४. परम्परागत/अव्यवस्थित रुपमा पालन गरिदै आएको पशुपंक्षीपालन प्रणालीलाई व्यवस्थित एवम् व्यवसायिकरण गर्न कृषककहरुलाई आवश्यकताका आधारमा तालीम दिई सवल/सक्षम बनाईनेछ ।

५. समय र परिस्थिती अनुसार पशु आहारामा कुनै समस्या पर्न नदिन हिउँदे/वर्षे/वहुवर्षे घाँसको समयानुकुल व्यवस्थापन गरिनेछ ।

६. कृषकहरुको श्रमको कदर गर्दै प्राकृतिक तथा कृत्रिम नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिदै थप उत्पादन बृद्धि गर्दै लगिनेछ ।

७. पशुजन्य पदार्थ उत्पादन गर्दै आएको कृषकहरुका लागि थप राहत मिलोस भनेर उत्पादनका आधारमा अनुदान दिई उत्पादकत्व बृद्धि गर्दै लगिनेछ ।

८. बाह्य आयातित पशुजन्य पदार्थलाई प्रतिस्थापन गर्ने उद्धेश्यका साथ मासु तथा अण्डामा गाउँपालिकालाई आत्मनिर्भर बनाइनेछ ।

९. पशुपालक कृषकहरुको उत्पादनलाई व्यवस्थित तथा बजारीकरण गर्न सहकारी मार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

१०. हरेक क्षेत्रमा भएका कार्यक्रमहरुको अनुगमनको दायरा बढाई कार्यक्रमलाई थप व्यवस्थित र सुदृढिकरण गर्दै अगाडि बढाइनेछ ।

११. सिमान्तकृत लक्षित वर्गलाई पशु सेवा कार्यक्रम संचालन गरी आयआर्जन बृद्धि गरिनेछ ।

१२. एक वडा एक पशु फार्म कार्यक्रम संचालन गरी हरेक वडामा पशुपंक्षी फार्म विस्तार गर्दै लगिनेछ ।

१३. स्वस्थ माछा मासु उत्पादन गर्दै बिक्री वितरण गर्ने पसलहरु सुधार गर्दै लगिनेछ ।

१४. मत्स्यपालन प्रणालीलाई व्यावसायिकरण गर्न मत्स्य व्यवसाय प्रवर्द्धन कार्यक्रम गरिनेछ ।

१५. एक वडा एक प्राविधिक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।



सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका
झडेवा, पाल्पा

### ग) सहकारी उपक्षेत्र :-

१. गाउँपालिका भित्र स्थापित भई संचालनमा आएका सहकारी संस्थाहरुको प्रभावकारी नियमन गरी एकरुपता कायम गरिनेछ ।
२. गाउँपालिका भित्र एक सहकारी सञ्जालको स्थापना गरिसकिएकाले आवश्यक समन्वय र परिचालन गरिनेछ ।
३. सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्नका लागि आवश्यक तालीमहरु संचालन गर्ने व्यवस्था मिलाइनेछ ।
४. उत्कृष्ट सहकारीलाई पुरस्कृत गरिनेछ ।
५. गाउँपालिका भित्र रहेका सामुदायिक समूहहरुलाई सहकारी शिक्षा प्रदान गरी सहकारीकरण गर्न पहल गरिनेछ ।

### घ) उद्योग तथा व्यापार :

१. परम्परागत उद्योग तथा सीपलाई संरक्षण र संबर्द्धन गरिनेछ ।
२. वनजन्य उद्योग, जडिबुटी प्रशोधन उद्योग, डेरी उद्योग एवं अन्य कृषि तथा पशुजन्य घरेलु उद्योगलाई प्रोत्साहन गरिनेछ ।
३. गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका खानीजन्य उद्योगलाई वातावरणमैत्री बनाइनेछ ।
४. व्यवसाय दर्ता गर्ने कार्यलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

## २) सामाजिक विकास क्षेत्र :

### क) शिक्षा उपक्षेत्र :

१. सौभाग्य मा.वि.मा प्राविधिक शिक्षाको पठनपाठन सहज बनाउन कुल पाँच करोड लागतमा यस आर्थिक वर्षबाट भवन निर्माण कार्य शुरुवात गरिने छ ।
२. कोभिड १९ ले विद्यालयमा पारेको प्रभावलाई न्यूनिकरण गर्दै संक्रमण फैलिन नदिन सामाजिक दुरी कायम तथा स्वास्थ्य मापदण्ड निर्धारण गरी शैक्षिक कार्यक्रम चलाइनेछ । आवश्यक परेमा वैकल्पिक शैक्षिक कार्यक्रम गरिनेछ ।
३. दिव्यज्योति मा.वि.मा नमूना विद्यालय निर्माणको कार्यक्रम अगाडि बढाइनेछ ।
४. विद्यार्थीहरुको बहुमुखी प्रतिभा र सिर्जनशिलताको विकास गर्दै परिवर्तित समयमा आवश्यक पर्ने गुणहरु विकास गर्न **नेपाल स्काउट, विद्यार्थी गुणीय चक्र कार्यक्रम, विभिन्न प्रतियोगितात्मक कार्यक्रम र परियोजना सिकाई** कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।
५. विद्यालयमा न्यूनतम गुणस्तर सुनिश्चितताका लागि शिक्षा समितिको नेतृत्वमा विभिन्न उपसमितिहरु बनाई नियमित अनुगमन गरी **शिक्षक कर्मचारी, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति साथै अभिभावकलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।**
६. विषयगत शिक्षकलाई सिकाई उपलब्धीका आधारमा जवाफदेही बनाइनेछ । उच्च शैक्षिक सफलता **प्राप्त गर्ने सफल शिक्षकलाई प्रोत्साहित गरिने छ ।**
७. प्राथमिक तहको गुणस्तर सुदृढिकरण गर्न र विद्यार्थीहरुको वास्तविक सिकाइ उपलब्धी मापन गर्न **कक्षा ५ तथा कक्षा ८ को SEE सरहको नै स्तरिकृत वार्षिक परीक्षा सञ्चालन गरिने छ** भने विभिन्न त्रैमासिक परीक्षालाई पालिकाबाट सहजिकरण गरिनेछ ।
८. विद्यालय उमेर समूहका सबै बालवालिकाहरुलाई विद्यालयमा भर्ना गरी माथागढी गाउँपालिका भित्रका विद्यालय उमेरका सबै बालबालिकाहरु विद्यालय बाहिर नभएको सुनिश्चित गरिनेछ ।
९. विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता गरिनेछ ।

१०. आवश्यकता र प्राथमिकताका आधारमा विद्यालयहरुमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरी विद्यालयमा अभिभावकको सहभागिता बढाइनेछ ।

११. **विद्यालय शिक्षक तथा कर्मचारीहरुको ५ लाख सम्मको दुर्घटना विमा गरिनेछ ।**

१२. अभिभावकलाई विद्यालयको गुणस्तर अभिवृद्धिमा विद्यालयसँग सहकार्य गर्न उत्प्रेरित गर्ने उद्देश्यले **"कक्षामा शिक्षक, विद्यालयमा अभिभावक"** कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. लगानीको संरक्षण गर्दै निजी तथा संस्थागत विद्यालयहरुको अनुगमन र नियमन गरी तिनलाई सेवामुखी बनाइनेछ । गाउँपालिकाका बालबालिका गुणस्तरीय शिक्षा खोजीका नाममा अन्यत्र जानुपर्ने अवस्था अन्त्य गरिनेछ ।

१४. गाउँपालिकाले निर्माण गरि लागु गरिरहेको **स्थानीय पाठ्यक्रमको कक्षा १ देखि ८ सम्मका पाठ्यपुस्तक तयार गरिनेछ साथै कक्षा १, २ र ३ का लागि मातृभाषाको पाठ्यपुस्तक प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।**

१५. भौगोलिक विकटता, घरदेखि टाढा विद्यालय रहेका कारण कक्षा छोड्ने समस्या समाधान गर्न र विद्यालयमा विद्यार्थी टिकाइराख्ने व्यवस्था गर्न आधारभूत तहका बालबालिकाका लागि दिवा खाजाको व्यवस्था गरिनेछ ।

१६. **गुणस्तरीय शिक्षाका लागि स्वस्थ विद्यार्थी** कार्यक्रम अन्तर्गत विद्यालयहरुमा अर्धवार्षिक रुपमा विद्यार्थीहरुको स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

१७. विद्यार्थीहरुलाई विद्यालयको स्तर अनुसारको पहुँच सुनिश्चित गर्न विद्यालय गाभ्ने, सार्ने, नयाँ स्थापना गर्ने तथा तह थप वा घट गर्ने कार्य गरिनेछ ।

१८. विद्यालय सञ्चालन गर्न कठिनाई भोगीरहेका विद्यालयहरुलाई आवश्यकताका आधारमा प्राथमिकिकरण गर्दै स्रोतको उपलब्धताको आधारमा अनुदानको व्यवस्था गरिनेछ ।

१९. विद्यार्थीहरुलाई खेलकुद प्रति रुचि जगाइ स्वास्थ्य, अनुशासन तथा शारीरिक विकासका लागि गाउँपालिका भित्रका विद्यालयहरु बिच विभिन्न अतिरिक्त क्रियाकलापका प्रतियोगिता सञ्चालन गरिनेछ ।

२०. विद्यार्थीहरुलाई उत्कृष्ट शैक्षिक नतिजाका लागि अभिप्रेरित गर्ने उद्देश्यले **कक्षा १२, एसइइ, कक्षा ८ र कक्षा ५ मा गाउँपालिकाका विद्यालयहरुबाट उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी, विषयगत शिक्षक र विद्यालयहरुलाई पुरस्कृत गरिनेछ ।**

२१. विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न विषयगत तथा प्रविधि सम्वन्धि तालिम संचालन गरिनेछ ।

२२. विद्यालयहरुमा बाल क्लब गठन गरि विभिन्न अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

२३. बालबालिकाको भर्नादर बढाउन तल्ला कक्षाहरुको भुई बसाइ व्यवस्थापन गर्दै लगिनेछ ।

२४. सौभाग्य माविमा प्राविधिक शिक्षाको पठनपाठन थप सहज बनाउन भवन निर्माण गरिनेछ ।

२५. गाउँपालिकाका सबै माध्यमिक तहका विद्यालयहरुमा गुणस्तरीय विज्ञान प्रयोगशाला एवं स्मार्ट तथा कम्प्युटर ल्याव निर्माण तथा पुस्तकालय संचालन हुने व्यवस्था मिलाइने छ ।

२६. विद्यालयहरुमा कम्तिमा प्रशासनिक कार्यका लागि कम्प्यूटर र प्रिन्टरको व्यवस्था गर्दै जाने नीति लिइनेछ ।

२७. गाउँपालिकामा शिक्षा सम्बन्धी कार्यक्रम संचालन गर्न शिक्षाका कार्यक्रमहरु संचालन गर्न एक शिक्षा सल्लाहकारको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

२८. विद्यालयहरुलाई एकरुपताका लागि रंगरोगन कार्यक्रम गरिनेछ । एक विद्यालय एक फूलबारी कार्यक्रम र विद्यालय विद्यालय बिच सहकार्यको वातावरण मिलाइनेछ ।

२९. **वडा शैक्षिक संजाल गठन** गरी असल अभ्यासलाई एक अर्का विद्यालयमा लागूगर्ने व्यवस्था मिलाइनेछ ।

## ख) स्वास्थ्य उपक्षेत्र :

१. अठार करोडको लागतमा ठेक्का सम्झौता भई निर्माण प्रारम्भ भएको १५ शैयाको अस्पताल झडेवा स्वास्थ्य चौकी निर्माणलाई निरन्तरता दिईने छ ।

२. गम्भिर रोगको उपचार खर्च अभाव हुन नदिन गाउँमै बसोबास गर्ने अति बिपन्न ८०० घरपरिवारका ४००० जनाले ८ करोड बराबरको निशुल्क उपाचार पाउनेगरी बि.पी. बिपन्न स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिईने छ । बिमितको नियमित नविकरण हुनेब्यवस्था मिलाईने छ ।

३. एक वडा एक स्वास्थ्य प्रयोगशाला तथ एक वडा एक वर्थिङ्ग सेन्टर कार्यक्रम अन्तर्गत हात्तिलुङ्ग स्वास्थ्य चौकीमा प्रयोगशाला र वर्थिङ्ग सेन्टर सञ्चालन गरिनेछ ।

४. कोभिड-१९ अस्पताललाई :ग्धचक चिकित्सक र प्रयोगशाला सहित सञ्चालन गरिनेछ ।

५. स्वास्थ्य चौकीमा रहेका प्रयोगशाला तथा बर्थिङ्ग सेन्टरलाई ब्यवस्थित, गुणस्तरीय तथा निशुल्क बनाईने छ ।

६. ६० बर्ष माथिका वृद्धववृद्धा र अशक्तहरुलाई घरमै नियमित स्वास्थ्य जाँच गर्न घरघरमा स्वास्थ्यकर्मी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७. गाउँपालिका का आफ्नै भवन नभएका स्वास्थ्य संस्थाहरुलाई जग्गा प्राप्तीको लागि पहल गरि जग्गा भएको ठाउँमा भवन निर्माणको लागि सम्बन्धित निकायमा पहल गरिने छ ।

८. स्थानीय जडिबुटी र आदीवासी ज्ञानलाई प्रवर्द्धन गर्न परम्परागत स्वास्थ्य उपचार बिधीलाई व्यवस्थित गरिने छ ।

९. प्रत्येक व्यक्तिले बर्षमा एकपटक स्वास्थ्य परिक्षण गर्ने र रोग पहिचान भएका व्यक्तिको समयमै स्वास्थ्य उपचार गराउन सहजिकरण गर्नको लागि आवश्यक कार्यक्रमको तर्जुमा गरिने छ ।

१०. जोखिम र असुरक्षित तवरले घरमै सुत्केरीहुने अवस्था लाई अन्त्य गरि संस्थागत सुत्केरी सनिश्चित गाउँपालिका घोषण गर्न आवश्यक कार्यक्रम संचालन गरिँदै लगिने छ । संस्थागत सुत्केरी सुनिश्चितताको लागि स्वास्थ्य संस्था सुत्केरी प्रोत्साहन रकम लाई निरन्तरता प्रदान गरिने छ ।

११. महिलाको प्रजनन् स्वास्थ्यको हकलाई सुनिश्चित गर्न उपाध्यक्ष आमा सुरक्षा/गर्भवती लाई अण्डा र घरमा हरियो झण्डा कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ ।

१२. गाउँपालिका भित्रका सम्पूर्ण बिध्यालयहरुमा बिध्यालय स्वास्थ्य तथा पोषण र सरसफाई कार्यक्रमलाई निरन्तरता दिईने छ । माध्यमिक तहमा प्रजनन् स्वास्थ्य र यौन शिक्षा संग सम्बन्धित बिषयका कक्षाहरु संम्बन्धित वडाका स्वास्थ्यकर्मीहरु बाट महिनाको कम्तिमा एक पटक अन्तरक्रियात्मक कक्षा संचालन गरिने ब्यवस्था मिलाईने छ ।

१३. सर्ने तथा नसर्ने रोगको न्यूनिकरण गर्न आवश्यक कार्यक्रमको प्रबन्ध गर्दै मध्यपान र सुर्तिजन्य पदार्थ बिक्री बितरणलाई निरुत्साहित गर्नको लागि सचेतना कार्यक्रम संचालन गरिने छ ।

१४. गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा आकस्मिक बिरामीहरुको लागि प्रेषण कोषको व्यवस्था मिलाईने छ । प्रसुति सेवालाई ब्यवस्थित तथा थप जिम्मेवारी बनाउन सुबिधा सम्पन्न अस्पतालमा प्रेषण गर्नु परेमा लाग्ने एम्बुलेन्स खर्च गाउँपालिका ब्यहोर्ने ब्यवस्था मिलाईने छ ।

१५. सबै स्वास्थ्य संस्थाहरुलाई स्वास्थ्य ब्यवस्थापन सुचना प्रणाली (ज्ञ्क्ष्क) मा समेट्नको लागि ईन्टरनेटको ब्यवस्था गरिने छ । स्वास्थ्य संस्थाबाट गरिने मासिक प्रतिवेदनलाई डिजिटलाईज गर्ने प्रबन्ध मिलाईने छ । (ईन्टरनेट र कम्प्युटर तथा प्रिन्टर जडान)

सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका
झडेवा, पाल्पा

१६. खोप सेवालाई प्रभावकारी र गुणस्तरीय रुपमा संचालन गर्न आवश्यक उपकरणको व्यवस्था मिलाईने छ ।
१७. पूर्ण खोप सुनिश्चितताको लागि बालबालिकाहरुको बिध्यालय भर्ना अभियानमा बाल स्वास्थ्य कार्डलाई अनिवार्य गरिँदै लगिने छ ।
१८. बालबालिकाहरुको नियमित बृद्धि अनुगमन सुनिश्चितताको लागि दलित बालपोषण जस्ता सुबिधामा बाल स्वास्थ्य कार्डको अनिवार्यता गरिँदै लगिने छ ।
१९. स्वास्थ्य संस्थाको फोहर ब्यवस्थापन गर्न प्लेसेन्टा पिटको ब्यवस्था प्रत्येक स्वास्थ्य संस्थामा मिलाईने छ ।
२०. कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि आवश्यक तालिमहरुको ब्यवस्था गरिने छ । स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीहरुलाई क्यब तालिम संचालन गरिने छ ।
२१. प्रत्येक स्वास्थ्य संस्थामा स्वास्थ्य शिक्षा कर्नरको समुचित ब्यवस्था मिलाईने छ ।
२२. सेवाग्राहीको खोजि गर्न तथा सेवाको निरन्तरता प्रदान गर्न महिला स्वास्थ्य स्वयं सेबिकाहरुको सहयोगमा मोवाईल स्वास्थ्य कार्यक्रम संचालन गरिने छ ।यसका लागि म.स्वा. स्वयं सेबिकालाई मासिक रुपमा रु.२०० संचार खर्च उपलब्ध गराईने छ ।
२३. म.स्वा.स्वयं सेबिकाहरुलाई उत्प्रेरीत गर्न बिभिन्न कायकमहरु संचालन गरिने छ ।
२४. माथागढी गाउँपालिका भित्रका वडाहरुमा महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरीहुने बातावरणको सुनिस्चितता गर्दै क्रमश : घरमा शुन्य सुत्केरी पालिका घोषणा सुनिस्चित गरिने छ ।
२५. कोभिड - १९ तथा अन्य महामारी रोग रोकथाम तथा नियन्त्रणको लागि भौतिक पुर्वाधार तथा जनशक्तिको ब्यवस्थापन गर्दै कोभिड - १९ अस्थायी अस्पताललाई नियमित रुपमा संचालन गरिने ब्यवस्था मिलाईने छ ।
२६. कोभिड - १९ रोगको महामारीलाई समुदायमा फैलिन नदिन ऋक्ष्ऋत टिमलाई ब्यवस्थित गरि महामारीलाई नियन्त्रण गरिने छ ।
२७. कोभिड - १९ संक्रमितहरुलाई माथागढी कोभिड अस्पतालमा नि:शुल्क उपचारको लागि पहल गरिने छ ।
२८. बिद्यालयहरु संग समन्वय गरि बिध्यार्थीहरुको बार्षिक रुपमा स्वास्थ्य परिक्षणको ब्यवस्था मिलाईने छ ।
२९. बर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयं सेविकाहरु सेवाबाट सम्मान जनक बिदाई भएमा गाउँपालिका बाट थप सुबिधा प्रदान गर्ने ब्यवस्था गरिने छ ।
३०. हात्तीलुङ्ग स्वास्थ्य चौकी र कोभिड १९ अस्पतालमा प्रयोगशाला संचालन गरिनेछ ।
३१. हात्तीलुङ्ग स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर सञ्चालन गरिनेछ ।

## ग) खानेपानी तथा सरसफाईः-

१. क्रमागत योजनामा रहेका बुढीकोट लिफ्टिङ्ग (भुटुके खल्डुक), रहवास, पुरनपानी लिफ्टिङ्ग लगायतका लिफ्टिङ्ग खानेपानी तथा नयाँ खानेपानी योजनालाई सम्पन्न गर्दै नयाँ योजना प्रारम्भ गरिनेछ ।
२. गाउँपालिकामा खानेपानी सरसफाई तथा स्वच्छता योजना तयार गरिएको छ । सोही अनुरुप सुरक्षित खानेपानीमा सबैको पहुँच स्थापित गर्न एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइएकोछ ।
३. गाउँपालिका भित्र सञ्चालनमा रहेका लिफ्टिङ्ग खानेपानी को विद्युत महसुलमा ५०% अनुदान दिइनेछ ।

सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका
झडेवा, पाल्पा

४. गाउँपालिका भित्र संचालित महत्वपूर्ण ठूला क्रमागत लिफ्टिङ्ग खानेपानी योजनाहरु (रहबास, बंसीडाँडा,सरापकोट र कप्टीग्याँज डाँडा लिफ्टिङ्ग खानेपानी योजना) लाई यो वर्ष सम्पन्न हुने व्यवस्था मिलाइनेछ ।
५. खानेपानीका विद्यमान स्रोतहरुको संरक्षण गरी नयाँ स्रोतहरु पत्ता लगाइनेछ ।
६. गाउँपालिकाको खानेपानी सम्बन्धी ऐन बनाई लागु गरिनेछ ।
७. खानेपानी मुहान दर्तालाई व्यवस्थित गरिने छ ।

### घ) युवा तथा खेलकुद :

१. युवा स्वरोजगार कार्यक्रम अन्तर्गत युवाहरुलाई व्यावसायिक सिपको तालिम प्रदान गरि आत्मनिर्भर बनाइनेछ ।
२. कोभिड १९ बाट प्रभावित र अन्य युवको लागि युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।
३. माथागढी कप फूटवल, माथागढी कप पुरुष तथा महिला भलिवल लगायतका खेलकुद कार्यक्रमहरु संचालन गरिनेछ ।
४. खेलकुदलाई निरोधात्मक स्वास्थ्य र उद्यमको रुपमा विकास गर्न आवश्यक खेलकुद पुर्वाधारहरुको निर्माण गरिनेछ ।
५. युवा पुस्तालाई खेलकुद प्रति आकर्षित गरी स्वस्थ जनशक्ति तयार पार्न विद्यालय स्तरबाट नै विभिन्न प्रतियोगात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।
६. गाउँपालिकामा राष्ट्रिय स्तरका Indoor Game संचालन गर्न आधारभूत पूर्वाधार सहितको कभर्ड हलको व्यवस्थापन गरिनेछ ।
७. खेलाडीहरुलाई प्रोत्साहन गर्न अन्तरस्थानीय, जिल्ला एवं राष्ट्रिय तहका प्रतियोगिताहरुमा भाग लिन जाँदा आवश्यक पर्ने यातायात, बास एवं पोशाक खर्च उपलब्ध गराउने प्रबन्ध मिलाइनेछ ।
८. माथागढीको नामलाई शानका रुपमा प्रस्तुत गर्न सफल हुने खेलाडीहरुलाई नगद पुरस्कार सहित प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ ।
९. गाउँपालिकामा वडा अध्यक्षको संयोजकत्वमा रहने गरी एक खेलकुद डबलीको स्थापना गरी सोही मार्फत खेलकूद कार्यक्रमहरु सञ्चालन हुने व्यवस्था मिलाइनेछ ।
१०. विगत वर्षका खेलकूद कार्यक्रमहरुलाई निरन्तरता दिइएको छ ।

### ङ) पर्यटन उपक्षेत्र :

१. ऐतिहासिक महत्व बोकेको माथा गढीको पुरातन ईतिहासको अध्ययन, अनुसन्धान कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
२. माथागढी, कौडेलेक, लखनथापा पार्क, बहादुरपूर सत्यवती ताल लगायतका मठ मन्दिर तथा पर्यटकीय क्षेत्र संरक्षण, सम्वर्द्धन तथा विकास गरिनेछ ।
३. गाउँपालिका क्षेत्रभित्र सराई-माथा मन्दिर जाने पदमार्गको पहिचान गरी पर्यटन प्रवर्द्धन गर्न न्यूनतम पूर्वाधार सहितको आवश्यक व्यवस्थापन गरिनेछ ।
४. गाउँपालिकाको पर्यटन गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
५. गाउँपालिका क्षेत्रभित्र स्थानीय धर्म, कला, संस्कृति र भाषा झल्किने आवश्यक पूर्वाधार सहितको होमस्टे संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका
झडेवा, पाल्पा

२०७५/
३/१५
सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका
झडेवा, पाल्पा

## च) संस्कृती उपक्षेत्र :

१. स्थानीय भाषा, कला र साहित्यको संबर्द्धन र प्रवर्द्धनमा जोड दिइनेछ ।
२. गाउँपालिका भित्र प्रचलनमा रहेका विभिन्न कला, सँस्कृति झल्किने वृत्तचित्र निर्माण गरि व्यापक प्रचार प्रसार गर्ने/हुने व्यवस्था मिलाइनेछ ।

## छ) आयुर्वेद उपक्षेत्र :

१. चिदीपानी आयुर्वेद औषधालयलाई व्यवस्थित गरिनेछ ।
२. माध्यमिक तहका विद्यलहरुमा योग शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
३. गाउँघर स्वास्थ्य क्लिनिक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## ज) दलित तथा आदिवासी जनजाती उपक्षेत्र:

१. माथागढी गा.पा. भित्रका दलित समुदायलाई सशक्तिकरण गरिने छ र माथागढी गाउँपालिका ३ नं. वडमा दलित समुदाय भवन निमाण गरिनेछ ।
२. मागमा आधारित कार्यक्रम संचालन गरिनेछ ।
३. आदिवासी जनजातीको लागि शिक्षक सेवा आयोग, लोक सेवा आयोग तयारी कक्षा संचालन गरिने छ ।
४. आदवासी जनजातीको परम्परागत कला संस्कृति समेतेर वृत्त चित्र तयार गरिनेछ ।

## झ) महिला, बालबालिका, अपाङ्ग तथा सामाजिक सुरक्षा उपक्षेत्र

१. वडा तथा गाउँपालिका स्तरिय बाल क्लवको गठनमा निरन्तरता दिदै, बाल विवाह रोकथाम तथा अन्त्यका लागि बालिका लक्षित शैक्षिक सहायता, विमा, बचत कार्यक्रम लागु गरि प्रत्येक वडा तथा आधारभूत र माध्यमिक विद्यालयहरुमा बालविवाह, छाउपडी प्रथा जस्ता कु-प्रथा सम्बन्धी सचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।
२. बाल अधिकारको सरक्षण, प्रवर्धन र नियमन गर्न स्थानीय तहमा बाल कल्याण अधिकारी तोक्ने तथा हिंसापीडित बालबालिकको लागि निशुल्क कानुनी सहायताको व्यवस्था मिलाईनेछ ।
३. कुलतबाट जोगाउन स्थानीय तहको पहलमा विभिन्न सामुदायिक संघ संस्थासँगको समन्वयमा सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
४. बालक्लब तथा बालक्लव सञ्जालहरुको क्षमता विकास, दर्ता नविकरण तथा बालबालिकाको नेतृत्वमा विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
५. भौतिक पूर्वाधार निर्माण गर्दा बालबैत्री तथा अपाङ्गमैत्री जस्ता निर्माण गर्ने सबै वडाहरुमा बालमैत्री खेल मैदान र पार्कको निर्माणमा पहल गरिनेछ ।
६. विभिन्न कारणले अपाङ्गता हुन पुगेका फरक क्षमता भएका व्यक्तिहरुलाई परिचयपत्रमा निरन्तरता दिदै अपाङ्गता भएका कारण आर्थिक अवस्था कमजोर हुन पुगेका व्यक्तिहरुलाई पुनर्स्थापन तथा विभिन्न आधारमा सहयोग र स्वास्थ्य विमामा निरन्तरता दिईनेछ ।
७. ६० वर्ष उमेर पुरा भएका जेष्ठ नागरिकहरुलाई जेष्ठ नागरिक परिचयपत्र वितरणमा निरन्तरता दिदै पालिका सम्म आउन असमर्थ जेष्ठ नागरिकहरुलाई सम्बन्धित वडामा नै गएर परिचयपत्र दिने व्यवस्था मिलाउनुका साथै आर्थिक अवस्था कमजोर भएका र असहाय जेष्ठ नागरिकहरुलाई पुनर्स्थापना तथा सहयोग र सम्मान कार्यक्रम सञ्चालनमा निरन्तरता दिइनेछ ।
८. माध्यमिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुलाई अनुभव/सीपपुस्ता हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।



३/१५
सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका
झडेवा, पाल्पा

९. आर्थिक अवस्था कमजोर भएका तथा विद्यालय जानबाट बञ्चित भएका किशोरीहरुको लागि सीपमूलक कार्यक्रम तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१०. आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठनागरिक अल्पसंख्यक सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थान गरिनेछ।

११. समाजमा रहेका कुरिति, कु-प्रथा, लैङ्गिक हिंसा, मानव वेचविखन तथा ओसारपोसार विरुद्धको सचेतनामूलक कार्यक्रम ८ वटै वडाहरुमा संचालन गरिनेछ।

१२. माथागढी गाउँपालिकालाई **बालमैत्री गाउँपालिका** घोषणा गरिनेछ।

१३. माथागढी गाउँपालिका भित्रका महिलाको लागि लोक सेवा तथा शिक्षा सेवा आयोग तयारी कक्षा संचालन गरिनेछ।

१४. एकल महिला, अतिविपन्न महिलाहरुलाई मागमा आधारित कार्यक्रम संचालन गरिनेछ।

## ३) पूर्वाधार विकास क्षेत्रः-

### क) सडक तथा पुल उपक्षेत्र :

१. बहादुरपुर स्वास्थ्य चौकी, बहुदरपुर वडा कार्यालय, हात्तिलुङ्ग र गोठादी वडा कार्यालय भवन यस आर्थिक वर्षमा सम्पन्न गरिनेछ।

२. कुल नौ करोडको लागतमा माथागढी गाउँपालिकाको प्रशासकीय भवन यस आर्थिक वर्षमा निर्माण प्रारम्भ गरिने छ।

३. गाउँपालिकाको गौरवको योजनाको रुपमा रहेको दुई प्रदेश जोड्ने बाँसटारी-झडेवा-रहबास-दुम्कीवास सडकमा चार करोड सोह्र लाख विनियोजन गरि कालोपत्रे गरिनेछ।

४. सराई-एक्लेवर सडकलाई कालोपत्रे गरिने छ।

५. गाउँपालिकाको गौरवको योजनको रुपमा झडेवा-केरौली-बहादुरपुर सडक, गैरावारी-स्वास्थ्य चौकी-वडा कालिय र थानसिङ-जगात सडकलाई एक करोड पचास लाखको लागतमा स्तरोन्नती गरिने छ।

६. २ जिल्ला जोड्ने झडेवा-गोठादी-सुनवल-महेशपुर सडक स्तरोन्नति गरिनेछ।

७. पाँच वर्षे सडक गुरुयोजना तयार गर्दै गाउँपालिकाको स्तरोन्नती र कालोपत्रे गर्दै लगिनेछ।

८. स्थानीय आवश्यकता एवं उपलब्ध स्रोत साधनका आधारमा पूर्वाधार निर्माण एवं विकासका कार्यहरु अगाडि बढाइने छ।

९. यस आर्थिक वर्षमा निर्माण गरिएका कच्ची सडकहरुको स्तरोन्नती तथा नाली निर्माण गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

१०. सहर उन्मुख गाउँपालिकाका क्षेत्रहरुमा ढल निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

११. वडादेखि गाउँपालिका केन्द्र जोड्ने सडकहरु स्तरोन्नति गरिनेछ भने कृषि सडक र सहायक सडकहरु सुधार गर्दै नयाँ ट्रयाक खोलिनेछ।

१२. झोलुङ्गे पुलको निर्माण र संरक्षणका लागि आवश्यक पहल गरिनेछ।

### ख) भवन तथा सहरी विकास उपक्षेत्र :

१. ठुला योजनाको मर्मत र व्यवस्थापन गनयोजनाहरुमा विनियोजित रकमबाट २.५% मर्मत सम्भार शुल्क काटिनेछ र सो रकम मर्मत सम्भार कोषमा जम्मा हुने व्यवस्था मिलाइनेछ।

२. उपभोक्ता समितिहरुबाट संचालन गरिने परियोजनामा १०% लागत जनसहभागिताको व्यवस्था गरिनेछ।

३. क्रमागत निर्माणमा रहेका वडा कार्यालय भवन, स्वास्थ्य चौकी भवन, सामुदायिक भवन, विद्यालय भवनहरु र गाउँपालिकाको प्रशासनिक भवन निर्माण गरिनेछ ।

४. गाउँपालिका भित्र असहाय वृद्ध वृद्धा, सडक बालबालिकाको हेरचाह गर्नका लागि एक **स्याहार केन्द्र** स्थापना गर्ने कार्यलाई अगाडि बढाइनेछ ।

५. विगतका वर्षहरु देखि नै संचालित खरको छानो विस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## ग) उर्जा, लघु तथा साना जलविद्युत क्षेत्रः-

१. **उज्यालो माथागढी कार्यक्रम**लाई सार्थक तुल्याउन विद्युत पहुच नपुगेका क्षेत्रहरुमा विद्युत विस्तार गरिनेछ ।

२. केन्द्रीय प्रशारण लाईन नपुगेका वडा नं. ५ लगायतका वडाहरुमा केन्द्रीय प्रशारण लाईन जोडिनेछ ।

३. लघु जलविद्युत आयोजनाहरुलाई केन्द्रीय प्रशारण लाइनमा आबद्ध गराउनका लागि संघीय सरकारसँग समन्वय तथा सहकार्य गरिनेछ ।

४. सहर उन्मुख गाउँपालिकाका क्षेत्रहरुमा सडक बत्तीको समुचित व्यवस्थापन हुने प्रबन्ध मिलाइनेछ ।

५. सौर्य उर्जाको प्रयोगलाई प्रबर्द्धन गरिनेछ ।

६. विद्युत प्रसारण लाइनमा रहेका काठका पोलहरुलाई प्राथमिकताका आधारमा विस्थापित गर्दै लगिनेछ ।

## घ) सूचना तथा संचार उपक्षेत्र :

१. निश्पक्ष, यथार्थ र तथ्यपरक सूचना प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकारलाई सुनिश्चित गरिनेछ ।

२. सम्पूर्ण वडा कार्यालयहरुमा इन्टरनेट सेवा पुर्‍याइनेछ ।

३. सञ्चार नेटवर्क राम्रोसँग नटिप्ने वडा नं. ५ र ६ मा नेटवर्कको स्तर वृद्धि गर्न माथामा टावर स्थापनाको लागि निर्णायक पहल गरिनेछ ।

४. गाउँपालिकाका विभिन्न स्थानमा फ्रि वाईफाई जोनको व्यवस्था गरिनेछ ।

५. राज्यका चौथो अङ्गका रुपमा स्थापित पत्रकारहरुको व्यवसायिकता प्रवर्द्धन एवं क्षमता अभिवृद्धि गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६. गाँउपालिकाका गतिविधिहरु साथै समसामयिक लेख रचना समेटेर त्रैमासिक बुलेटिन प्रकाशन गरिनेछ ।

## ४) वातावरण तथा विपद व्यवस्थापन विकास क्षेत्रः-

१. गाउँपालिकाको **"स्थानीय विपद तथा जलवायु उत्थानशील योजना"** निर्माण गरिएको छ । सोही अनुरुप गाउँपालिकाका विपद व्यवस्थापन सम्बन्धी योजनाहरु कार्यान्वयनमा ल्याइनेछ ।

२. विपद व्यवस्थापन कोषलाई थप व्यवस्थित बनाईनेछ ।

३. विपतमा परेका व्यक्तिहरुको राहत एवं पुर्नस्थापना कार्यका लागि अत्यावश्यक न्युनतम पूर्वाधारहरुको व्यस्थापनका लागि पहल गरिनेछ ।

४. विपद रोकथाम एवं न्यूनीकरणका लागि आवश्यक संयन्त्रहरुको विकास एवं व्यवस्थापन गरी विभिन्न कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

५. कोभिड-१९ र सबै प्रकारका विपदको रोकथाम, नियन्त्रण र व्यवस्थापनको लागि पूर्व तयारी, प्रतिकार्य तथा पुन लाभका कार्यक्रम सञ्चालन गरिनेछ ।

सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका
झडेवा, पाल्पा

६. गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक वन, निजी वन, कबुलियती वनको प्रभावकारी नियमन एवं संरक्षण गरिनेछ ।
७. गाउँपालिका क्षेत्रभित्रका वन पैदवार एवं जडिवुटीहरुलाई आन्तरिक श्रोतका रुपमा प्रयोग गर्ने वातावरण सिर्जना गरिनेछ ।
८. पूर्वाधार निर्माण एवं विकासका कार्यहरु गर्दा वन तथा वातावरणीय प्रभावलाई ध्यानमा राखी अगाडि बढाइनेछ ।
९. स्थानीय समुदायको सक्रियतामा **"एक टोल समाज; एक उद्दान"** कार्यक्रम लागू गरिनेछ ।
१०. प्रत्येक महिनाको अन्तिम शनिवार प्रत्येक टोल समाजमा समुदायको अग्रसरता **"मेरो गाउँ, सफा र सुग्घर ठाउँ"** भन्ने नारालाई मूर्त रुप दिन सरसफाई कार्यक्रम संचालन गरिने छ ।
११. स्थानीय खोलाबाट प्राप्त हुने गिट्टी, वालुवा, ढुङ्गा आदिलाई गाउँपालिकाको आन्तरिक स्रोतका रुपमा प्रयोग गर्न प्रारम्भिक वातावरणीय परीक्षण गरि बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

## ५) संस्थागत विकास सेवा प्रवाह तथा शुसासन

### क) मानव संसाधन, युवा रोजगार तथा रोजगारी :

१. स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजना संचालन गरी श्रममूलक आयोजना मार्फत समुदायको विकाससँगै सामाजिक संरक्षणको प्रत्याभूति गराइनेछ ।
२. सार्वजनिक क्षेत्रका निर्माणका कार्यक्रम तथा आयोजनामा प्रत्येक आर्थिक वर्षमा सिर्जना हुन सक्ने रोजगारी सम्बन्धी अवसरको संकलन गरी श्रमको प्रत्याभूति गराइनेछ ।
३. कोभिड १९को प्रभावले रोजगारी गुमाएका तथा आय आर्जनको अवसर नपाएका व्यक्तिहरुलाई रोजगार सेवा केन्द्रमा सुचिकृत हुन प्रोत्साहन गरिने र विभिन्न आयोजनामा सिर्जना हुने रोजगारीको अवसर दिइनेछ ।
४. रोजगार सेवाकेन्द्र संचालन तथा व्यवस्थापन थप प्रभावकारी बनाइनेछ ।
५. युवा रोजगारीका लागि रुपान्तराण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालनलाई थप सशक्त रुपमा कार्यान्वयन गरिनेछ ।

### ख) संस्थागत विकास

१. गाउँपालिकाको मध्यकालिन खर्च संरचना तयार गरिने छ ।
२. गाउँपालिकाका सम्पूर्ण स्थायी, करार तथा स्वयंसेवक स्वास्थ्यकर्मी कर्मचारी तथा शिक्षक र विद्यालयका कर्मचारीहरुको प्रति व्यक्ति ५ लाख बराबरको दुर्घटना विमा गरिने छ ।
३. माथागढी गाउँपालिका अन्तर्गतका समुदायिक विद्यालयमा कार्यरत कार्यालय सहयोगी बाल कक्षा सहजकर्ता, विद्यालय कर्मचारीको मासिक तलवमा ससमयानुकुल बृद्धि गरिने ।
४. गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रभावकारी, जवाफदेही, उत्तरदायी बनाउन गाउँपालिकामा **नागरिक सहायता कक्ष**को व्यवस्था मिलाइने छ ।
५. कर्मचारीतन्त्रलाई अनुशासित, जवाफदेही र उत्तरदायी बनाउन कार्यसम्पादन सम्झौता गरिनेछ । डिजिटल हाजिरी मेशिन सबै वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरुमा ज़डान गरिने छ ।
६. गाउँपालिकाबाट आव्हान गरिने ठेक्का पट्टालाई थप व्यवस्थित गर्न E-Bidding लागू गरिनेछ । E-Biddingलाई प्रभावकारी सरल र सहज बनाउन कर्मचारीलाई आवश्यक तालिम प्रदान गरिनेछ ।
७. गाउँपालिकाबाट गरिने भुक्तानीलाई पारदर्शी बनाउन बैंकिङ्ग प्रणालीमा अनिवार्य रुपमा आवद्ध गरिनेछ ।



सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका
झडेवा, पाल्पा

८. कर्मचारीहरुलाई विभिन्न तालीम, अन्तरक्रियात्मक कार्यक्रम, भ्रमण, प्रोत्साहन एवं दण्ड र पुरस्कारको व्यवस्था गरी **"सेवा करले होइन रहरले"** भन्ने भावनाको विकास गराई जवाफदेही र उत्तरदायी प्रशासनिक संयन्त्रको निर्माण गरी प्रभावकारी सेवा प्रवाह गर्ने वातावरण मिलाइनेछ ।

९. प्रशासन र राजनीति एउटै सिक्काका दुई पाटा हुन भन्ने यथार्थलाई ध्यानमा राख्दै कर्मचारी र जनप्रतिनिधिहरुको सुमधुर सम्बन्धलाई थप मजबुद बनाउन समय समयमा अन्तरक्रियात्मक कार्यक्रम, भ्रमण, गोष्ठीहरु सञ्चालन गरीने छ ।

१०. छिमेकी स्थानीय तहहरुसँगको अन्तर सम्वन्धलाई समन्वय, सहकार्य र सहयोगका आधारमा थप मजबुत बनाइनेछ । छिमेकका असल अभ्यासहरुलाई कार्यान्वयनमा ल्याइनेछ ।

११. सेवा प्रवाह तथा कार्यक्रम सञ्चालन एवं कार्यान्वयनका सम्बन्धमा रहेका नागरिकका गुनासोहरु सुनुवाई गर्न जनप्रतिनिधि एवं कर्मचारीको प्रत्यक्ष सहभागिता सुनिश्चित हुने गरी **"जनतासँग माथागढी"** कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

१२. विकासका कार्यक्रमहरुलाई प्राथमिकीकरण गरी योजना छनौट गर्ने कार्यलाई सरल, सहज र प्रभावकारी बनाउन **"योजना बैङ्क"** को स्थापना गरिनेछ । प्रभावकारी योजना निर्माण कार्यलाई सहयोग पुर्‍याउन एक **"विकास सल्लाहकार बोर्ड"** को गठन समेत गरिनेछ ।

१३. गाउँपालिकाका कर्मचारीहरुको निवृत्तीभरण कार्यक्रमलाई व्यवस्थित गर्न कर्मचारी कल्याण कोषको स्थापना र संचालन गरिनेछ । उक्त कोषमा बार्षिक रुपमा निश्चित रकम जम्मा गरिने व्यवस्था मिलाइनेछ ।

१४. कर्मचारीहरुको मनोवल बढाई सेवा प्रवाह प्रति उत्प्रेरित बनाउन विभिन्न मौद्रिक तथा गैर मौद्रिक प्रोत्साहन गरिनेछ । प्रत्येक वर्ष कार्यसम्पादनका आधारमा उत्कृष्ट कर्मचारी, स्वास्थ्यकर्मी तथा शिक्षकलाई पुरस्कृत गरिनेछ ।

१५. "Right Man in Right place" को अवधारणालाई सार्थक बनाई प्रभावकारी रुपमा कार्य सम्पादन हुने वातावरण बनाउन गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरिनेछ ।

१६. प्रदेश सरकार, संघीय सरकार तथा अन्य साझेदरी संस्थाको सहकार्य र समन्वयलाई थप व्यवस्थित गरिने छ ।

### ग) न्याय तथा न्याय प्रणालीः-

१. अन्यायमा परेका जनताहरुलाई निष्पक्ष, सहज र समयमै न्यायको प्रत्याभूति दिन विभिन्न तालीमहरु संचालन गरी न्यायिक समितिको दक्षता अभिवृद्धि गरिनेछ ।

२. मेलमिलाप कर्ताहरुलाई न्यायिक सेवा सम्बन्धी आधारभूत तालीम प्रदान गरी प्रभावकारी रुपमा न्याय सम्पादन हुने व्यवस्था मिलाइनेछ ।

३. न्यायिक समितिका कामकाजलाई प्रभावकारी बनाउन न्याय सेवाको कर्मचारी व्यवस्थापन गर्ने प्रबन्ध मिलाइनेछ ।

४. न्याय सम्पादनका सिलसिलामा गरिएका निर्णयहरुको डिजिटल माध्यमबाट अभिलेखीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

### घ) पञ्जीकरण सेवा

१. पुराना व्यक्तिगत घटना दर्ता किताब डिजिटाइज सम्पन्न गरिनेछ ।

२. सबै किसिमका सामाजिक सुरक्षा बैकिङ प्रणालीबाट वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

३. वडा नं. ८ मा व्यक्तिगत घटना दर्ता अनलाइन मार्फत सुरुवात गरिएको जसमा वडा नं. १,३,४ पहिलेदेखि नै अनलाइन भएका बाँकी वडामा पनि अनलाइनद्धारा गरिनेछ ।

सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका
झडेवा, पाल्पा

४. सामाजिक सुरक्षा भत्ता प्राप्त सम्पुर्ण लाभग्राहीहरुको व्यक्तिगत विवरण एम.आई. एस प्रणालीमा प्रविष्ट गरिनेछ ।

५. सामाजिक सुरक्षा भत्ता वितरण गर्दा विद्युतीय माध्यम ( फरवार्ड फिड) बाट गरिनेछ ।

अन्त्यमा हाम्रा सामु आगामी आर्थिक वर्ष ५ बर्षे कार्यकालको अन्तिम वर्षका रुपमा रहनेछ । नीति कार्यक्रम आफैमा साधन होइन तर स्तरीय नीति तथा प्रभावकारी कार्यक्रमको कार्यान्वयन हाम्रा सामु अवसर र चुनौति दुबैका रुपमा रहेकाछन् । यसको प्रभावकारी कार्यान्वयन गर्न सकेमा मात्र यसले अपेक्षित नतिजा हासिल गर्ने कुरामा दुई मत छैन, त्यसैले यसको कार्यान्वयनमा लाग्न म सम्पूर्ण जनप्रतिनिधि साथीहरु र कर्मचारीहरुलाई हार्दिक आग्रह गर्दछु । गाउँपालिकाको न्यून आन्तरिक आय श्रोतका कारण गाउँपालिकाका सम्पूर्ण नीति तथा कार्यक्रमहरु संघीय एवं प्रादेशिक सरकारबाट प्राप्त हुने अनुदानमा निर्भर रहेको कुरा यहाँहरु समक्ष विदितै छ । तथापी हामी सवै राजनैतिक दलका प्रतिनिधीहरु, राष्ट्रसेवकहरु, विकासका साझेदारहरु एवं स्थानीयवासी आमा बुवा, दाजुभाई तथा दिदीबहिनीहरुको संयुक्त प्रयासबाट उपलब्ध साधन स्रोतको उच्चतम प्रयोग गरी योजनाहरुको प्राथमिकीकरण गर्दै अगाडि बढ्न सकेमा मात्र हाम्रो नीति तथा कार्यक्रमले सार्थकता पाउने हुँदा यहाँहरु सबैको रचनात्मक तथा सकारात्मक सहयोग, समन्वय र सहकार्यको लागि हार्दिक अपिल समेत गर्दछु । यो नीति तथा कार्यक्रम प्रस्तुत गर्न सहयोग गर्नु हुने आदरणीय गाउँपालिकाका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण जनप्रतिनिधीहरु, सम्पूर्ण विषयगत शाखाका राष्ट्रसेवकहरु, विकासका साझेदारहरु, विकास प्रेमी सम्पूर्ण राजनीतिक दलका प्रतिनिधी साथीहरु, पत्रकार मित्रहरु एवं सम्पूर्ण माथागढी वासीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद ।**

**"जय नेपाल : जय माथागढी"**

सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका
झडेवा, पाल्पा

सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका
झडेवा, पाल्पा

**श्रीमान् यस गरिमामय गाउँसभाका सभामुख ज्यू, प्रमुख अतिथि ज्यू, अतिथि ज्यूहरु तथा सम्पूर्ण सभासद ज्यूहरु, पत्रकार तथा उपस्थित महानुभावहरु ।**

१. २१औं शताब्दीकै मुख्य संकटका रुपमा देखिएर सम्पूर्ण विश्व नै कोभिड १९को महामारीको चपेटामा परिरहेको यस चुनौतिपूर्ण र असहज अवस्थामा आज यो गरिमामय माथागढी गाउँपालिकाको नवौं गाउँसभालाई सम्बोधन गर्दैछु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ को मूल मर्म र भावना बमोजिम संघीय शासन पद्धतिको अवधारणा अनुरुप स्थापना भएको यस माथागढी गाउँपालिकाको ९औं गाउँसभा समक्ष आ.व. २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा गौरवको अनुभूति गरेको छु ।

३. माथागढी गाउँपालिकाको आ.व. २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा नेपालको भौगोलिक अखण्डता, राजनैतिक स्वतन्त्रता, लोकतन्त्र स्थापना, स्वाधिनता, स्वाभिमान रक्षा एवं सामाजिक-साँस्कृतिक रुपान्तरणका आन्दोलनहरुमा देश र जनताका लागि जीवन उत्सर्ग गर्ने सम्पूर्ण सहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु साथै ती आन्दोलनहरुलाई नेतृत्व गर्ने र उचाइमा पुऱ्याई देशमा आमूल परिवर्तन ल्याउने अग्रजहरु प्रति सम्मानभाव प्रकट गर्दछु ।

४. माथागढी गाउँपालिकाको सामाजिक, आर्थिक, शैक्षिक, साँस्कृतिक र भौगोलिक विविधताका विचबाट विकासका पूर्वाधार तयार गर्दै समुन्नत गाउँपालिका निर्माणका लागि शुरुवाती वर्षबाटै अल्पकालिन, मध्यकालिन र दीर्घकालिन सोंच, नीति, आवधिक योजना र गुरुयोजना बनाई **"हाम्रो माथागढी हाम्रो शान, समृद्ध माथागढी हाम्रो पहिचान"** भन्ने वाक्याँशलाई हाम्रो मूल लक्ष्य बनाई यहाँ क्रियाशिल राजनैतिक दल, स्थानीय समुदाय र स्थानीय सरकारको संयुक्त प्रयासमा स्थानीय स्रोत र साधनलाई उच्चतम प्रयोग गरी पूर्वाधार विकास तथा आन्तरिक सवलीकरणमा जोड दिदै नागरिकको जीवनयापनमा आमूल परिवर्तन ल्याउने हाम्रो मूल उद्देश्य रहेको जानकारी गराउँदछु ।

५. कोभिड १९ ले हाम्रो गाउँपालिका र यस मातहतका अङ्गहरुबाट प्रवाह हुने सार्वजनिक सेवा, विकास निर्माणका कार्य साथै नियमित रुपमा संचालन गर्नुपर्ने कार्यक्रम र योजनामा प्रत्यक्ष नकारात्मक असर पुगेको छ । सेवामूलक र उत्पादनमूलक क्षेत्रहरुका साथै व्यापारिक क्षेत्रहरु समेत यसका असरले नियमित हुन सकिरहेका छैनन् । यसैविच उत्पन्न त्रासका कारण आम नागरिक दैनिक रोजगारीबाट बञ्चित हुनुपरेको तितो यथार्थ हामीमाझ रहेको छ । यसका लागि हामी दत्तचित्त भएर लागेका छौं र आगामी दिनमा उत्पन्न हुन सक्ने चुनौतीको सामना गर्न हामी अहिलेदेखि नै तयार हुनु पर्ने देखिन्छ ।

६. महामारी रोकथाम, नियन्त्रण र उपचारका लागि गाउँपालिकाले कोभिड १९ नियन्त्रण तथा विपद व्यवस्थापन कोष स्थापना गरी विपद व्यवस्थापन समिति समेतको सक्रियतामा पूर्ण क्षमताका साथ कार्य सम्पादन गरिरहेको व्यहोरा यस सम्मानित गाउँसभामा राख्न चाहन्छु र उक्त कोषमा योगदान पुऱ्याउनुहुने सबैलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

७. महामारी रोकथाम र नियन्त्रणका लागि अपनाइएको बन्दाबन्दी, सामाजिक दुरी कायम लगायतका कार्यहरुको कार्यान्वयनमा अनुशासित हुँदै सक्रियतापूर्वक सहयोग गर्नुहुने सम्पूर्ण आमाबुवा, दिदीबहीनी तथा दाजुभाईहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यसको नियन्त्रण तथा रोकथाममा र उपचारको अग्रमोर्चामा खट्नुहुने सम्पूर्ण जनप्रतिनिधी साथीहरु, राष्ट्रसेवक कर्मचारीहरु, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा व्यवस्थापन कार्यमा संलग्न सबैलाई धन्यवाद दिदै प्रत्यक्ष र अप्रत्यक्ष रुपमा यस कार्यमा योगदान दिनुहुने सम्पूर्ण राजनीतिक दल, निजीक्षेत्र, सहकारी, सामुदायिक संघसंस्था, संचार क्षेत्र, लगायत देश विदेशमा रहनुहुने सम्पूर्ण नागरिकहरु प्रति आभार व्यक्त गर्दछु । साथै आगामी दिनमा पनि यस्तै ऐक्यबद्धता, सहकार्य, धैर्यताका साथ यस महामारी विरुद्धको अभियानमा जुट्न सबैमा हार्दिक अनुरोध समेत गर्दछु ।

सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका
झडेवा, पाल्पा